# कोरियामा बस्ने विदेशीहरुको लागी covid 19 विरुद्ध खोपको बारेमा जानकारी

स्वदेशी र विदेशी बीच बिना भेदभाव एउटै मापदण्ड र प्रक्रिया अनुसार अग्रीम बुकिङ गरिन्छ। तल दिइएको प्राप्तकर्ता र बुकिङ विधिको जाँच गरेर **covid 19** खोपको लागी बुकिङ गर्नुहोस्।

## □ खोप प्राप्तकर्ता र बुकिङ विधि

### ◦ विदेशी दर्ता भएका विदेशी

- ८-९महिनाको लक्ष्य रोकथाम खोप योजना'अनुसार क्रमबद्ध रुपमा खोपको लागी आवेदन दिन सकिनेछ, अनलाइन र फोनबाट बुकिङ गर्न सकिनेछ ।

* अनलाइनबाट बुकिङ गर्दा तपाई योग्य हुनुहुन्न भन्ने देखाएमा , आफ्नो क्षेत्रको स्वास्थ्य केन्द्र (बोगनसो )मा गएर दर्ता पछि बुकिङ गर्न सकिनेछ।

— बुकिङ गर्ने तरिका —

◦ (अनलाइन – आफै वा प्रतिनिधि द्वारा सम्भव) कोरोना १९विरुद्ध खोप अग्रिम बुकिङ सिस्टम (http://ncvr2.kdca.go.kr)मा गएर बुकिङ गर्ने ( प्रतिनिधि द्वारा बुकिङ गर्न सकिने )

◦ (फोनबाट – आफै वा प्रतिनिधि द्वारा सम्भव) (रोग नियन्त्रण र रोकथाम केन्द्र (१३३९) वा खोप अग्रिम बुकिङ सिस्टम खोप रोकथामको वर्तमान स्थिति (माउस राख्ने →कोरोना १९ विरुद्ध खोप बुकिङ सन्चालन स्थिति क्लिक गर्ने)बाट स्थानिय सरकार अनुसार बुकिङ परामर्श नम्बरको जाँच

### ◦ विदेशी दर्ता नम्बर (दर्ता कार्ड ) नभएका विदेशी (अवैध विदेशी समावेश )

- स्वास्थ्य केन्द्र (बोगनसो )मा गएर पासपोर्टबाट अस्थाइ नम्बर लिएपछि खोपको लागि आवेदन दिन सकिनेछ ।

* वैधानिक पासपोर्ट नभएका विदेशीले पनि म्याद सकिएको पासपोर्ट,भिषा सकिएको विदेशी दर्ता कार्ड,कोरियाली इमिग्रेसन द्वारा जारी पहिचान कागजात प्रेश गर्नुपर्छ ।

- कम्पनी मालिकले आफ्नो विदेशी कार्यरत कामदारको व्यक्तिगत विवरण (नाम,जन्म मिति, लिंग,राष्ट्रीयता,निवास स्थान, काम गर्ने स्थान को ठेगाना आदि) पेश गरेको खण्डमा अस्थायी व्यवस्थापन नम्बर जारी गर्न सकिनेछ

- अस्थायी व्यवस्थापन नम्बर जारी पछि अनलाइन वा फोनद्वारा खोप अग्रिम बुकिङ गर्न सकिनेछ (प्रतिनिधि द्वारा बुकिङ गर्न सकिने)

※ ९० दिन भ्रमन वा अन्य भिषामा छोटो अवधिको लागि कोरिया प्रवेश व्यक्तिहरु खोप बाट बहिष्कृत

## □ सावधानी

◦ <u>पहिचान जानकारी खोप उद्देयश्यको लागी मात्र प्रयोग गरीने छ , अधिसूचना शुल्क छुट प्रणाली अनुसार , इमिग्रेसन वा विदेशी कार्यालयमा जानकारी गरिने छैन ।</u>

◦स्वास्थ्य विमा दर्ता नभएका व्यक्तिहरु बोगनसो वा खोप केन्द्रमा मात्र खोप लगाउन सकिनेछ ।

* अस्पताल र क्लिनिक चिकित्सा संस्थाहरुमा खोप लगाउन सकिने छैन ।

<यो अनुवाद दानुरी कल सेन्टर १५७७ - १३६६ बाट गरिएको हो>